# राष्ट्रिय प्रजातन्त्र पार्टी
# प्रतिनिधि सभा निर्वाचन २०८२
# संकल्प-पत्र

**आदरणीय मुलुक भित्र र संसारभर छरिएर रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दिदीबहिनी तथा दाजुभाइ !**

राष्ट्रिय प्रजातन्त्र पार्टीले विगत लामो समयदेखि मुलुकमा व्याप्त भ्रष्टाचारको अन्त्य, सुशासनको स्थापना, देश भित्रै रोजगारीको सिर्जनाका साथै राज्य संरचना, शासकीय प्रणालीमा संरचनात्मक सुधारको पक्षमा आवाज बुलन्द गर्दै आएको छ। लोकतन्त्रको नाममा कायम रहेको लुटतन्त्र र निषेधको राजनीतिको विपक्षमा आफुलाई सदन र सडकमा सशक्त ढंगले प्रस्तुत गरिराखेको छ। ठुला ठानिएका राजनीतिक दलहरूको अकर्मण्यता र असफलता, सर्वत्र व्याप्त चरम भ्रष्टाचार र कुशासनका साथै विद्यमान शासकीय प्रणालीमा आमूल परिवर्तनको लागि गत भदौ २३ र २४ गते नवयुवाहरु जेनजी विद्रोहमा निस्कनु परेको र उक्त विद्रोहबाट मुलुकले जनधनको अपूरणीय क्षति व्यहोर्नुपरेको यथार्थता हाम्रा सामु छर्लङ्ग छ। अर्को शब्दमा भन्ने हो भने उक्त विद्रोह राप्रपाले विगत लामो समयदेखि शान्तिपुर्ण र शालीन ढंगबाट उठाइ आइरहेको आमूल परिवर्तनको आवाजलाई ठुला ठानिएका राजनीतिक दलहरूले गरेको नजरअन्दाजको प्रतिफल हो भन्ने राप्रपाको ठम्याइ रहेको छ।

विद्रोहमा मुखरित नवयुवाहरुको परिवर्तनको चाहनालाई मुर्तरुप दिन र विद्रोहका भावनालाई संस्थागत गर्नुको सट्टा देशी, विदेशी शक्ति केन्द्रहरुको प्रत्यक्ष, अप्रत्यक्ष प्रभावमा मुलुकलाई गलत बाटोतर्फ डोऱ्याउने काम भैरहेको छ। विद्रोहमा ज्यान गुमाउने तथा घाइते, अपाङ्ग र परिवर्तनको आकाङ्क्षा राख्ने लाखौं युवाहरूलाई न्याय दिन विद्रोहले निर्माण गरेको पृष्ठभूमिको जगमा राजा, राजनीतिक दल, नवयुवा पुस्ता र सरोकारवाला सबैका बीच नवीन समझदारी निर्माण गरेर राष्ट्रिय सहमतिका आधारमा मुलुकलाई निकास दिएर निर्वाचनमा जानुको विकल्प थिएन र छैन। तर प्रतिनिधिसभाको निर्वाचन नै अहिलेको समस्याको निकास हो भन्ने गलत भाष्य निर्माण गरिएको सन्दर्भमा आगामी फाल्गुन २१ गते निर्वाचन हुन गइरहेको व्यहोरा अवगतै छ।

राप्रपाले स्पष्ट रुपमा भन्दै आएको छ कि "वर्तमान संबिधान र यस संबिधान अन्तर्गतको निर्वाचन प्रणालीमा हुने निर्वाचन विद्यमान समस्याको समाधान नभई समस्यालाई अलि पर धकेल्ने र अझ जटिल बनाउने कार्य मात्र हो। मुलुकको अहिलेको विद्यमान समस्या

समाधानको एकमात्र मार्ग कसैले नहार्ने देशले जित्ने सर्वपक्षीय सहमति हो। तथापि मुलुक निर्वाचनतर्फ अगाडि बढीसकेको सन्दर्भमा प्रजातान्त्रिक दल हुनाको नाताले यो संसदीय निर्वाचनलाई राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्नो मुद्दा स्थापना गर्ने आन्दोलनकै रूपमा उपयोग गर्ने निर्णय गरेर आफ्ना उल्लिखित मुद्दाहरुसहित राप्रपा आगामी फागुन २१ गते हुने निर्वाचनमा सहभागी हुन गइरहेको छ।

**आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइ!**

राप्रपा सधै प्रजातन्त्र र जनताको सर्वोच्चताप्रति पूर्ण प्रतिबद्ध छ। मुलुकको गौरवपुर्ण इतिहास, धर्म, संस्कृति, परम्पराको जगेर्ना गर्दै हाम्रै जीवनकालमा सबल, समृद्ध र समुन्नत नेपाल निर्माण सम्भव छ भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टी राष्ट्रिय राजनीतिको विकल्प सहित खडा भएको छ। सहकार्य र सहअस्तित्व नेपाली सनातन संस्कार हो भन्ने मान्यतामा अडिग रहि सनातन धर्मलाई हाम्रो राष्ट्रिय पहिचानको रुप दिदै परम्परागत रुपमा चलिआएका मुल्य मान्यतालाई निरन्तरता दिनुको साथै सो मान्यतामा समयानुकूल सुधार गर्दै जाने विषयमा राप्रपा प्रतिबद्ध छ।

नेपालको परिवर्तित राजनीतिक र सामाजिक परिवेश एवं जनचाहनाको पृष्ठभूमिमा राप्रपाले अवलम्बन गरेको निरन्तरता सहितको परिवर्तनमा आधारित संवर्धनवाद नै सहमति र सम्झौताको साझा र मध्यमार्गी वैचारिक बाटो हो। निरन्तरताको जगमा खडा भएको परिवर्तन मात्र टिकाउ हुन्छ भन्ने कुरामा राप्रपाको दृढ विश्वास छ। राष्ट्रिय प्रजातन्त्र पार्टीको २०७८ सालमा भएको एकता महाधिबेशनले “संवर्धनवाद” लाइ पार्टीको वैचारिक दर्शनको रुपमा स्वीकार गरेकोछ। सनातन धर्म, संस्कृति र परम्पराको रक्षा गर्दै राष्ट्र निर्माण गर्न सकिन्छ र सक्नु पर्छ भन्ने विचार नै संवर्धनवाद हो। बडामहाराजधिराज पृथ्वीनारायण शाहले कल्पना गरेको नेपालको परराष्ट्र नीति र नेपालको भूराजनीतिक संवेदनशीलताको यथार्थ विश्लेषण, आत्मनिर्भर अर्थनीति अन्तर्गत निर्यातमुखी अर्थतन्त्र, स्थानीय उत्पादनमा जोड र आयातलाई न्यूनीकरण गर्ने नीति, सर्वमान्य न्यायिक नीति, भ्रष्टाचार विरुद्धको कठोर नीति, पारस्परिक सहकार्यमा आधारित धार्मिक-सामाजिक नीति, मुलुक र जनता केन्द्रित राजनीति आदिलाई राप्रपाले आफ्नो मूल मान्यताको रुपमा अगाडि बढाउनेछ। विविधतामा एकता नेपालको विशिष्ट पहिचान हो भन्ने कुरामा सुस्पष्ट राप्रपा

बडामहाराजधिराज पृथ्वीनारायण शाहलाई आफ्नो आदर्श पुरुष र दिव्य उपदेश **"पृथ्वीपथ"** लाई आफ्नो मार्गदर्शक सिद्धान्तका रुपमा अङ्गीकार गरेको एकमात्र राजनीतिक दल हो।

राप्रपा मुलुक निर्माणको मौलिक मार्गचित्र बोकेर अघि बढीरहेको राष्ट्रवादी प्रजातान्त्रिक दल हो। राप्रपाले आफ्नो मौलिकता र वीर पुर्खाले आर्जेको इतिहासमाथि गौरव गर्दै विगतको सकारात्मकताको निरन्तरता सहित समयानुकूल परिवर्तनको पक्षमा उभ्याउदै आइरहेको छ। मुलुक र माटो सुहाउँदो व्यवस्थाको पक्षपाती राप्रपा मुलुकको आन्तरिक मामलामा कुनै पनि प्रकारको वैदेशिक हस्तक्षेपलाई स्वीकार नगर्ने, मुलुकमै जन्मिएको र मुलुकको सर्वोपरि हितमा समर्पित राष्ट्रवादी चरित्र बोकेको एकमात्र राजनीतिक दल हो। नेपालको सार्वभौमिकता, स्वतन्त्रता, अखण्डता र एकता सदैव अक्षुण्ण राख्न कटिबद्ध राप्राको "नेपाल प्रथम नेपाली प्रथम" मा दृढ विश्वास छ।

## आदरणीय आमाबुबा, दिदी बहिनी तथा दाजुभाइहरु!

प्रजातन्त्र पुनःप्राप्तिको साढे तीन दशक बढी र वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भएको करिब दुई दशक पछि पनि जनताको चाहना र मुलुकको आवश्यकता पूर्ति हुन नसकेको वर्तमान पृष्ठभुमिमा विगतको यथार्थ विश्लेषण र मुल्यांकन गरी विगतका गल्ति कमीकमजोरीहरु सुधार गरी अगाडि बढ्नु उपयुक्त हुन्छ भन्ने राप्रपाको ठहर रहेको छ।

हाल मुलुक राजनीतिक अस्थिरता, सामाजिक द्वन्द्व, आर्थिक सङ्कट, नीतिगत भ्रष्ट्राचार, असन्तुलित वैदेशिक नीतिबाट प्रताडित भइरहेको व्यहोरा सर्वविदितै छ। विगतको साँढे तीन दशकलाई हेर्ने हो भने **मुलुकको राजनीति राजनीतिक दल र नेताको विकासका लागि त भयो तर देश र जनताका विकासका लागि हुन सकेन।** यसर्थ हिजो हामी कहाँ जान हिडेका थियौं र आज कहाँ आइ पुग्यौं ? यसको हामीले निर्मम आत्मसमीक्षा गर्नुपर्ने बेला आएको छ।

मुलुकको राष्ट्रियता अत्यन्तै कमजोर अवस्थामा छ। राष्ट्रिय एकता र सामाजिक, धार्मिक सद्भाव खल्बलिन पुगेको छ। हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक र भौगोलिक विविधता भएको मुलुकमा विविधतालाई एकतामा जोड्ने संयन्त्र र संरचनाहरु कमजोर र ध्वस्त बनाइएका छन। राष्ट्रिय एकताका आधारहरु भत्काइएको छ। मुलुकको पहिचान समाप्ति उन्मुख छ। राष्ट्रिय पहिचान र ईतिहास मेटाउने गम्भीर षडयन्त्र भैरहेको छ।

मुलुकको सनातन धर्म संस्कृतिमाथि प्रहार गरिएको छ। मुलुकको समग्र अर्थतन्त्र अत्यन्तै कमजोर अवस्थाबाट गुज्रिरहेको छ। बेरोजगारी समस्या विकराल बनेको छ। आम युवाहरुमाझ व्यापक असन्तुष्टि छ। वैदेशिक हस्तक्षेप डरलाग्दो ढङ्गले बढेको छ। मुलुकमा लोकतन्त्रको नाममा लुटतन्त्र व्याप्त छ। कार्यकर्ता व्यवस्थापनको निमित्त सरकारको तह र आकार वृद्धि गरिएको छ। राज्यका प्रायः सबै संयन्त्रहरु पार्टीकरणको चपेटामा परेका छन। भ्रष्टाचार अत्यन्त डरलाग्दो रोगको रुपमा देखा परेको छ। गरिब र धनी बीचको खाडल अत्यन्तै फराकिलो हुदै गइरहेको छ। महङ्गी बढेर सर्वसाधारण जनताको घरमा चुलो बाल्न समेत कठिनाइ हुने अवस्था सृजना भएको छ।

मुलुकमा व्याप्त उल्लिखित समस्याहरुको समाधान केवल पात्र बदलेर मात्रै होइन, पुरै प्रवृत्ति र प्रणाली परिवर्तनबाट मात्रै सम्भव छ। प्रजातन्त्रमा प्रत्येक निर्वाचनमा जनतालाई उपयुक्त दल र व्यक्ति चयन गर्ने अवसर मिल्ने गर्दछ। त्यसैले प्रजातान्त्रिक प्रणालीमा जनतालाई मालिकको रूपमा चित्रण गर्ने गरिएको पाइन्छ। तर जनतालाई वास्तविक रूपमा मालिक बन्ने अवसर त्यति बेला मात्रै प्राप्त हुन्छ जतिबेला जनताको एउटा हातमा मतपत्र र अर्को हातमा स्वस्तिक चिन्ह आइपुग्दछ। यसर्थ, पुनः एकपटक जनता मालिक बन्ने अवसर आइरहेको सन्दर्भमा सामाजिक सञ्जाल रिल, स्टाटस र ट्रेन्डको भरमा विवेक शून्य भएर होइन, मुलुकको सर्वोपरि हितको पक्षमा र मुलुकलाई बर्बादिको बाटोमा जानबाट जोगाउन आगामी प्रतिनिधिसभाको निर्वाचनमा विवेकपुर्ण निर्णय लिनु हामी सबैको साझा कर्तव्य हो।

राप्रपाले आफ्ना राजनीतिक मुद्दाहरुको साथै मुलुकको सर्वाङ्गीण विकास र रोजगारी सृजना लगायतका विषयलाई उच्च प्राथमिकता दिनेछ भने भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अवलम्बन गर्नुका साथै युवा, बालबालिका, महिला, ज्येष्ठ नागरिक, उत्पीडित, अपाङ्ग, अल्पसंख्यक, किसान, मजदुर, उद्यमी एवं सबै वर्ग र क्षेत्रका नागरिकको सर्वतोमुखी विकास र संरक्षणलाई उच्च प्राथमिकता दिनेछ।

मुलुकको सार्वभौमिकता, अखण्डता र एकता अक्षुण्ण राख्नुका साथै राप्रपाका उल्लिखित मान्यता स्थापित गर्ने प्रतिबद्धता सहित आगामी प्रतिनिधिसभाको निर्वाचनमा राप्रपा यहाँहरु माँझ निम्न सङ्कल्पसहित आफ्नो चुनावी बाचापत्र बोकेर घरदैलोमा उपस्थित भएको छ। आगामी प्रतिनिधिसभाको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीलाई संबिधान संशोधन गर्न सक्ने गरी प्रमुख (निर्णायक) शक्तिको रुपमा उभ्याउन हलो  चुनाव चिन्हमा आफ्नो अमुल्य मत दिई राप्रपाको **"कसैले नहार्ने देशले जित्ने"** सबल, समृद्ध र समुन्नत नेपाल निर्माण गर्ने अभियानमा समर्थन गरीदिन हुन आम मतदातासँग हार्दिक अनुरोध गर्दछौं।

## अबको गन्तब्यः सबल, समृद्ध र समुन्नत नेपाल - "पृथ्वी पथ"

राष्ट्रियता र सार्वभौमिकताको सुदृढीकरण, शासकीय सुधार, सामाजिक रूपान्तरणको प्रवर्द्धन, सामाजिक सुरक्षाको सुनिश्चितता तथा वि.सं. २०८७ सम्ममा दिगो विकास हासिल गर्ने लक्ष्यसहित नेपाललाई मध्यम आयस्तरको मुलुकमा स्तरोन्नति गरी समुन्नत राष्ट्र निर्माण गर्ने जनअपेक्षालाई मूर्त रूप दिन राप्रपाले यस निर्वाचन संकल्प-पत्र जारी/सार्वजनिक गरेको छ।

**दीर्घकालीन सोचः** सबल, समृद्ध, र समुन्नत नेपाल।
**दीर्घकालीन राष्ट्रिय लक्ष्यः** पूँजी निर्माण, दिगो विकास, शिक्षा - स्वास्थ्यमा निःशुल्क पहुँच, सामाजिक सुरक्षा, सामाजिक न्याय, समतामूलक समृद्धि, **युवा-केन्द्रित उत्पादनमुखी** र व्यापक रोजगारी।
**दीर्घकालिन मार्गचित्रः** वि.सं. २०८७ सम्ममा मध्यम आयस्तर भएको मुलुक।
**दीर्घकालीन राष्ट्रिय रणनीतिः** दिगो आर्थिक वृद्धि, गुणस्तरीय स्वास्थ्य र शिक्षा, गरीबी न्यूनीकरण, प्रविधिको विकास र विस्तार, रणनीतिक दिगो पूर्वाधार, दिगो शहर तथा बस्ती विकास, रोजगारमूलक उत्पादन र उत्पादकत्व अभिवृद्धि, प्रभावकारी सार्वजनिक सेवा प्रवाह, प्राकृतिक स्रोतको उच्चतम सदुपयोग तथा संरक्षण, र दिगो सामाजिक सुरक्षा सुनिश्चित गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति अवलम्बन।
**राष्ट्रिय मुलनीतिः** राष्ट्रिय स्वतन्त्रता, अखण्डता, एकता, सार्वभौमिकता, प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्धनको निमित्त राष्ट्रिय सुरक्षा मूलनीति बनाईनेछ।

### नेपाल समृद्धिका आधारः ६ प्रमुख आधार स्तम्भ

**१. जलस्रोत/विद्युतः**

- नेपालको कुल जलस्रोतमा आधारित विद्युत उत्पादन क्षमता करिब ८३ हजार मेगावाट रहेको छ। यसमा सौर्य, पबन (वायु) उर्जा लगायत अन्य नवीकरणीय ऊर्जाको सम्भावना समेत जोड्ने हो भने नेपालको कुल विद्युत उत्पादन क्षमता अझ धेरै हुन सक्छ। उत्पादन, प्रसारण पूर्वाधार, निर्यात बजार, पर्याप्त लगानी र नीतिगत स्थिरता सुनिश्चित गर्न सकियो भने नेपाल दक्षिण एसियाको ऊर्जा केन्द्र बन्न सक्ने क्षमता राख्छ। तर दुर्भाग्यवश, यो अथाह सम्भावनायुक्त ऊर्जा

उत्पादनलाई हालसम्म उच्च प्राथमिकता दिइएको छैन भन्ने कुरा हाम्रो वास्तविक उत्पादन क्षमता करिब ३८०० मेगावाटमा सीमित रहेको तथ्यबाट स्पष्ट हुन्छ।

- तसर्थ, राप्रपाले विद्युत उत्पादनलाई राष्ट्रिय प्राथमिकतामा राखी आगामी १० वर्षलाई "ऊर्जा उत्पादन दशक" का रूपमा घोषणा गर्नेछ। यस अवधिमा उत्पादन, प्रसारण तथा व्यापारका ठोस योजनाहरू कार्यान्वयन गरी विद्युत उत्पादनमा विशेष जोड दिनेछ। विद्युतबाट हरित हाइड्रोजन उत्पादन, पेट्रोलियम पदार्थको आयातमा उच्च दरले कटौती, उद्योग व्यवसायको व्यापक विस्तार, विद्युतीय रेल तथा पोडवे जस्ता आधुनिक यातायात प्रणालीको विकासमार्फत मुलुकको सर्वाङ्गीण प्रगतिमा योगदान पुऱ्याइनेछ।
- विद्युत उत्पादन, प्रसारण तथा व्यापारमा निजी क्षेत्रलाई खुला अवसर प्रदान गर्दै प्रोत्साहित गरिनेछ। विद्युतको आन्तरिक बजारलाई सन्तुलनमा राख्न स्वदेशमै व्यापक विद्युत खपत नीति लिइनेछ। भारत, बंगलादेश र चीनसँग हरित विद्युत व्यापारलाई प्राथमिकतामा राखी क्षेत्रीय ऊर्जा सहकार्यलाई सुदृढ बनाइनेछ। नेपाललाई शतप्रतिशत हरित ऊर्जा प्रयोग गर्ने तथा हरित ऊर्जा निर्यातकर्ता मुलुकका रूपमा स्थापित गरिनेछ।
- वि.सं. २०३५ भित्र २८,५०० मेगावाट विद्युत उत्पादनको राष्ट्रिय लक्ष्य हासिल गर्न तत्काल स्पष्ट कार्ययोजना निर्माण गरिनेछ। यसका लागि विद्यमान विद्युत तथा बन ऐनमा आवश्यक संशोधन गरिनेछ र जरुरी परेको खण्डमा तत्काल ऊर्जा सङ्कटकाल समेत लागू गरिनेछ। वैदेशिक मुद्रा आर्जन, व्यापार घाटा नियन्त्रण, रोजगारी सिर्जना तथा जनताको जीवनस्तर उकास्ने प्रमुख माध्यमका रूपमा विद्युत/ऊर्जा क्षेत्रको विकासलाई प्रभावकारी रूपमा उपयोग गरिनेछ।
- उत्पादनमूलक, रोजगारीमुखी तथा मल कारखाना जस्ता उद्योगहरूलाई विद्युत जडान र महसुलमा विशेष छुटको व्यवस्था गरिनेछ। खाना पकाउने प्रयोजनका लागि प्रयोग हुने विद्युत महसुल तत्काले लागत मूल्यमै उपलब्ध गराइनेछ। गरीबीको रेखामुनि रहेका जनसंख्यालाई विद्युत महसुल निःशुल्क गरिँदै लगिनेछ। विद्युतीय सवारी साधनहरुको प्रयोग देखि सिंचाई प्रयोजनमा समेत सहुलियत दरमा बिद्युत उपलब्ध गर्ने नीति ल्याईनेछ।
- ठुला, मझौला एवम् जलाशययुक्त बहुउद्देशीय जलविद्युत आयोजनाहरु सातै प्रदेशमा निर्माण गरिनेछ।

- समग्रमा, विद्युत उर्जा सुरक्षालाई नेपाल निर्माणको प्रमुख आधारका रूपमा विकसित गरिनेछ।

२. पर्यटनः

- प्राकृतिक तथा धार्मिक पर्यटनलाई विदेशी मुद्रा आर्जन र रोजगारी सिर्जनाका प्रमुख माध्यमका रूपमा विकास तथा प्रवर्द्धन गरिनेछ। पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखिनेछ।
- नेपालको प्रमुख पर्यटन स्तम्भको रुपमा रहेको हिमाल, बन तथा वन्यजन्तुलाई विशेष रूपमा विस्तार गर्दै आगामी दिनमा नेपाल विश्वका तीन महत्त्वपूर्ण धर्म "हिन्दु, बुद्ध र किराँत" को उदगम थलो भएको तथ्यलाई प्रचार प्रसार गरेर धार्मिक पर्यटनलाई उच्च प्राथमिकतामा राखिनेछ।
- नेपालको परापूर्वकालदेखि रहेको योग, ध्यान, आयुर्वेद, सांस्कृतिक, चिकित्सकीय र आध्यात्मिक परम्परालाई समेटी नेपाललाई आरोग्य पर्यटनको अन्तर्राष्ट्रिय केन्द्रको रुपमा विकास गरिनेछ। आरोग्य पर्यटनलाई दीर्घकालीन राष्ट्रिय आर्थिक तथा सामाजिक प्राथमिकताको रुपमा घोषणा गरी स्पष्ट नीति, गुणस्तर मापदण्ड र समन्वित कार्यान्वयन संरचना स्थापना गरिनेछ।
- देशभित्र साहसिक र मनोरन्जनात्मक पर्यटनका लागि सबै तहका सरकारलाई समन्वयात्मक रुपमा परिचालन गरी देशलाई पूर्व, पश्चिम, उत्तर दक्षिण जोड्ने गरी पर्यटनको थप गन्तव्यहरुको रुपमा विकास गरिनेछ ।
- साहसिक पर्यटनमा हाल दक्ष जनशक्तिको अभाव महसुस भएको हुँदा विभिन्न विधामा दक्ष जनशक्ति उत्पादनको लागि सम्बन्धित संघ/संस्थाहरुसंग समन्वय गरी तालिमको व्यवस्था मिलाईनेछ ।
- पदयात्रा सम्बन्धि अनुमतिपत्रहरुको झन्झटिलो व्यवस्थालाई अन्त्य गरी पर्यटनमैत्री एकद्वार प्रणाली व्यवस्था गरिनेछ ।
- लोकप्रिय पदयात्रा मार्गहरु विस्थापित हुँदै गरेको अवस्थालाई मध्यनजर गरी विस्थापित मार्गहरुको सट्टामा वैकल्पिक पदमार्गहरुको निर्माण व्यवस्था गरिनेछ।
- हवाई क्षेत्र सुरक्षाका लागि नागरिक उड्डयन प्राधिकरण र सम्बन्धित संस्थाहरुको व्यावसायिकताको विकास तथा सुदृढीकरण गरिनेछ। नागरिक उड्डयन क्षेत्रको सुधार गरी नेपालको हवाई क्षेत्रलाई कालो सुचीवाट निकालिनेछ।

## ३. कृषिः

- कृषि प्रधान देशमा आजसम्म एउटा पनि मल कारखाना स्थापना हुन नसक्नु, स्थापित कृषि औजार कारखाना समेत बन्द गरिनु, र कृषकको नाममा दिइने कृषि अनुदानको रकम कार्यकर्ता पोस्नमा खर्चिनु राष्ट्रका लागि अत्यन्तै दुःखद विषय हो।
- कुल जनसंख्याको करिब ६२ प्रतिशत मानिस कृषिमा संलग्न हुँदाहुँदै पनि नेपाल तरकारी, फलफूल, खाद्यान्न तथा अन्य कृषिजन्य वस्तुहरूमा आत्मनिर्भर बन्न नसक्नु दुर्भाग्यपूर्ण वास्तविकता हो। वर्षेनी खरबौं रुपैयाँ बराबरको कृषिजन्य उत्पादन आयातमा खर्चिएको राष्ट्रिय चुनौतीलाई आयात प्रतिष्ठापन रणनीतिमार्फत आत्मनिर्भर बनाइनेछ। साथै, कृषि क्षेत्रलाई रोजगारी सिर्जनाको महत्वपूर्ण आधारका रूपमा विकसित गरिनेछ।
- कृषिलाई उच्च प्राथमिकतामा राखी आधुनिकीकरण तथा यान्त्रिकीकरणमार्फत उत्पादन क्षमता अभिवृद्धि गर्नेछ। नेपाललाई तरकारी, फलफूल तथा खाद्यान्नमा आत्मनिर्भर बनाउँदै कृषि पेशालाई सम्मानित पेशाका रूपमा स्थापित गरिनेछ।
- केवल कुरामा सीमित नभई तत्काल रासायनिक मल कारखाना स्थापना गर्ने कार्य अगाडि बढाइनेछ। मल कारखाना स्थापनामा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। आवश्यकता अनुसार सरकारले स्वयं लगानी गर्ने वा निजी क्षेत्रसँग सहकार्य गर्ने व्यवस्था मिलाइनेछ। मल कारखाना सञ्चालनका लागि आवश्यक विद्युत आपूर्तिमा विशेष व्यवस्था गरिनेछ।
- सरकारले वितरण गर्ने कृषि अनुदानको रकम प्रत्यक्ष रूपमा कृषकले प्राप्त गर्ने व्यवस्था सुनिश्चित गरिनेछ। कृषकको हित संरक्षणका लागि पशु तथा बाली बीमाको व्यवस्था गरिनेछ। साथै कृषकहरूको उत्पादनलाई सुरक्षित भण्डारण र व्यवस्थित बजार प्रणालीमार्फत मूल्य अभिवृद्धि गर्ने वातावरण तयार गरिनेछ।
- पहाडी र उच्च हिमाली क्षेत्रमा पकेट जोनका आधारमा उच्च मूल्यका नगदेबालीलाई बढावा दिइनेछ। हिमाली क्षेत्रमा स्थापना हुने जडिबुटी तथा फलफुलसंग सम्बद्ध प्रशोधन उद्योगलाई विशेष अनुदान तथा कर सुविधाको व्यवस्था मिलाईनेछ।
- निर्यात सम्भावना बोकेका कृषिजन्य उत्पादन एवं मासु उद्योगलाई अग्रपृष्ठ सम्बन्धसहित निकासी गर्न सहयोग गरिनेछ । कृषकको सहभागितामा प्रशोधन उद्योगलाई अनुदान दिइनेछ।

## ४. सूचना, प्रविधि र सुशासनः

**(क)** विकसित हुँदै गएको सूचना प्रविधिको अधिकतम उपयोग गर्दै नागरिक जीवनलाई सहज र सुगम बनाइनेछ। सूचना प्रविधिलाई सुशासन सुदृढ गर्ने तथा रोजगार आपूर्तिको सहज र प्रमुख माध्यमका रूपमा विकसित गरिनेछ। सूचना प्रविधिको प्रभावकारी प्रयोगमार्फत सेवा प्रवाहलाई सहज, छरितो तथा जनमैत्री बनाइनेछ।

- एकद्वार प्रणाली (एकै डिजिटल पोर्टल वा एप) मार्फत नागरिकता, राहदानी, कर, जग्गा, लाइसेन्स तथा सामाजिक सुरक्षा जस्ता सेवाहरू सहज, पारदर्शी तथा दलाल-झन्झटमुक्त रूपमा उपलब्ध गराइनेछ। कागज बोकेर हिँड्नुपर्ने दिनको अन्त्य गर्रिंदै सेवा प्रवाह छिटो, छरितो र जनमैत्री बनाइनेछ। वडा कार्यालयबाट प्रदान गरिने सिफारिश, विवाह, जन्म-मृत्यु दर्ता तथा सामाजिक सुरक्षा जस्ता सबै कार्यहरू अनलाइन प्रणाली र एसएमएस सूचना सेवामार्फत सम्पन्न गरिने व्यवस्था मिलाइनेछ।
- पाँच वर्षभित्र सबै सरकारी सेवाहरूलाई पूर्ण रूपमा कागजविहीन (पेपरलेस) बनाइनेछ।
- विद्युतीय खरिद (e-procurement) प्रणालीलाई पूर्ण रूपमा लागू गरी प्रभावकारी बनाइनेछ।
- बजेट तथा परियोजना अनुगमनका लागि अनुगमन पाटी (Tracking Dashboard) स्थापना गरिनेछ।
- सबै सरकारी खर्च सार्वजनिक पोर्टलमार्फत पारदर्शी रूपमा प्रकाशित गरिनेछ।
- निर्णय प्रक्रियामा मानवीय हस्तक्षेप न्यून गरी विधि-नियममा आधारित निर्णयलाई प्राथमिकता दिइनेछ।
- सरकारी सेवामा "चिनेको मान्छे, भनसुन र टेबलमुनिको संस्कृति"को पूर्ण अन्त्य गरिनेछ।
- "एप" प्रविधिको प्रयोगमार्फत सेवामा ढिलाइ, घुस माग्ने जस्ता अनियमितता स्वतः अनुगमन हुने र दबाउन नसकिने पारदर्शी व्यवस्था सुनिश्चित गरिनेछ।

### (ख) सूचना, प्रविधि (आइटी) र रोजगारीः

- नेपालमा सूचना प्रविधिको माध्यमबाट रोजगारी सिर्जनाको विशाल सम्भावना छ। सूचना प्रविधिलाई नागरिक जीवनलाई सहज र सुशासनयुक्त बनाउनका साथै हरेक वर्ष लाखौं रोजगारी सिर्जना गर्ने तथा विदेशी मुद्रा आर्जनको प्रमुख माध्यम

बनाउन सकिन्छ। सूचना प्रविधि क्षेत्रमा ठूलो पूँजी वा कच्चा पदार्थको आवश्यकता नपर्ने, विदेश जानु नपर्ने, "ब्रेन ड्रेन" लाई "ब्रेन गेन" मा रूपान्तरण गर्न सकिने, महिला तथा युवालाई घरमै रोजगारी उपलब्ध गराउन सकिने विशेषता रहेकोले यस क्षेत्रलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रुपमा घोषणा गरी द्रुत गतिमा अगाडि बढाइनेछ।

- सूचना तथा प्रविधि क्षेत्रमा ई-गभर्नेन्सको पूर्ण कार्यान्वयन, डिजिटल सार्वजनिक सेवाको विस्तार, स्टार्टअप, अनुसन्धान तथा आईटी आउटसोर्सिङलाई प्रोत्साहन, साइबर सुरक्षाको सुदृढीकरण, साथै ग्रामीण क्षेत्रमा डिजिटल पहुँच र सीप विकासलाई दीर्घकालीन रणनीतिक प्राथमिकता दिइनेछ। केही प्रमुख क्षेत्रहरुः
  - ➢ सफ्टवेयर विकास, गुणस्तर सुनिश्चितता तथा परीक्षण
  - ➢ कल सेन्टर तथा व्यवसाय प्रक्रिया आउटसोर्सिङ (BPO)
  - ➢ ग्राफिक डिजाइन तथा भिडियो सम्पादन
  - ➢ लेखा तथा डेटा प्रविष्टि सेवाहरू
- आईटी सेवा निर्यातबाट प्राप्त आम्दानीमा कर सहुलियतको व्यवस्था गरिनेछ। साथै, आवश्यक साइबर कानुन तथा डाटा संरक्षण सम्बन्धी कार्यहरूलाई तुरुन्त प्रभावकारी रूपमा लागू गरिनेछ।
- सूचना प्रविधि (आईटी) कम्पनीहरूलाई कर सहुलियत प्रदान गरिनेछ तथा विदेशी भुक्तानी प्रणालीलाई सरल र प्रभावकारी बनाइनेछ।
- नेपालमै बसेर विदेशी कम्पनीहरूका लागि काम गर्न सकिने वातावरण निर्माण गर्न सरकारी लगानी तथा निजी क्षेत्रसँगको सहकार्यमार्फत डिजिटल सीपमा लगानी वृद्धि गरिनेछ।
- विद्यालय तहदेखि नै कोडिङ, डेटा, कृत्रिम बुद्धिमत्ता (AI) तथा साइबर सुरक्षा जस्ता सीपहरू पाठ्यक्रममा समावेश गरिनेछ।
- CTEVT, विश्वविद्यालय तथा निजी क्षेत्रको सहकार्यमा रोजगारीमुखी आईटी तालिमहरूको आयोजना गरिनेछ।
- डिजिटल साक्षरतालाई कक्षा १२ सम्म अनिवार्य विषयका रूपमा लागू गरिनेछ।
- नेपालबाट विदेशी कम्पनीहरुले डिजीटल माध्यमको विभिन्न विधावाट, नेपाललाई नगन्य कर/ शुन्य कर तिरी अर्बौं रुपैया विदेशमा लगिरहेको सन्दर्भमा आवश्यक कर सम्बन्धी नीति तत्काल निर्माण गरी कार्यान्वयन गरिनेछ।

- Artificial Intelligence Training तथा Content Moderation लाई प्राथमिकता दिइनेछ।
- सरकारी तथा निजी लगानीको सहकार्यमा "Earn While You Learn" मोडेलको विकास गरिनेछ।

### ५. विदेशमा बस्ने नेपालीको सीप र पूँजीः

- विदेश रहेका नेपालीको सीप र पूँजी नेपालको महत्वपूर्ण शक्ति हो भन्ने विश्वासमा राप्रपा दृढ छ। वैदेशिक तथा अन्य रोजगारीको क्षेत्रमा संलग्न युवाले आर्जन गरेको सीप र पूँजीलाई उद्यमशीलता तथा उद्योगमा रूपान्तरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- गैर-आवासीय नेपाली समुदायले आर्जन गरेको सीप र पूँजीलाई देश विकासमा उपयोग गर्न वंशजको नागरिकताको निरन्तरता कायम गरेर - **"एक पटकको नेपाली सधैंको नेपाली"** सुनिश्चित गरिनेछ। विदेशमा रहेका नेपालीहरूको सीप, ज्ञान तथा अनुभवलाई "ब्रेन गेन" का रूपमा प्रयोग गरी राष्ट्रिय प्रगतिमा योगदान दिलाइनेछ।

### ६. निजी क्षेत्रः

निजी क्षेत्रको सक्रिय सहभागिता र निरन्तर विकासविना राष्ट्रिय प्रगतिको कल्पना गर्न सकिंदैन। देशको समग्र अर्थतन्त्रको जिडिपीमा ८२ प्रतिशत, रोजगारी सिर्जनामा करिब ८५ प्रतिशत, लगानी तथा पुँजी निर्माणमा ७७ प्रतिशत, उत्पादन तथा व्यापारमा लगभग ९०% भन्दा बढी सहभागिता जनाउँदै आएको निजी क्षेत्रले राजस्व संकलनमा समेत प्रमुख भूमिका निर्वाह गर्दै आएको छ।

उद्यम, उत्पादन, सेवा, प्रविधि, पर्यटन जस्ता क्षेत्रहरू मार्फत रोजगारी सिर्जना, राजस्व बृद्धि र समग्र अर्थतन्त्रको विकासमा निरन्तर योगदान पुऱ्याउँदै आएको निजी क्षेत्रलाई कमजोर पारेर वा पाखा लगाएर देशको विकास सम्भव छैन भन्ने विषयमा राष्ट्रिय प्रजातन्त्र पार्टीको स्पष्ट धारणा छ। कोभिड-१९, हालैको जेनजी आन्दोलन र खासगरी अस्थिर नीति र राजनीतिले गर्दा नेपालको आर्थिक क्षेत्र कमजोर र थिलथिलो अवस्थामा छ। नेपाल यतिबेला इतिहासको अत्यन्तै नयाँ र सङ्क्रमणकालीन कालखण्डबाट गुज्रिरहेको छ। यस परिप्रेक्षमा नेपालले विगतमा अपनाउँदै आएको अर्थ नीतिमा पुनरावलोकन गर्दै नयाँ चरणको आर्थिक सुधार ३.० को अवधारणामा मुलुकलाई लैजानुपर्दछ भन्ने राप्रपाको दृष्टिकोण छ। **"कल्याणकारी**

**राष्ट्रवाद र संरक्षणकारी विकासवाद"**को संयोजनबाट मात्र नेपालको मौलिकता, एकताको संरक्षण साथै अर्थतन्त्रको मजबुती सम्भव छ भन्ने राप्रपाको मान्यता छ। आधुनिक **"संरक्षणकारी विकासवाद"** केवल एउटा आर्थिक मोडेल मात्र होइन यो एउटा सामाजिक सुरक्षाको दर्शन पनि हो।

नेपालमा राष्ट्रिय पुँजी निर्माणका लागि निजी क्षेत्रको पूर्ण सहभागिता सुनिश्चित गर्दै बि.सं. २०४२ सालमा प्रारम्भ गरिएको पहिलो चरणको आर्थिक सुधारदेखि हालसम्मका अनुभवहरूबाट आवश्यक पाठ लिँदै, अब तेस्रो चरणको आर्थिक सुधार (*Reform 3.0*) तत्काल प्रारम्भ गरिनेछ। यस प्रक्रियामा, आन्तरिक उद्योग-धन्धाको संरक्षणका लागि राज्यले आवश्यक स्थानमा संरक्षणवादी नीति अवलम्बन गर्नेछ। साथै स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहन प्रदान गरिनेछ।

निजी क्षेत्रलाई अहित हुने नीतिहरूमा आवश्यक सुधार गर्दै, सुशासनलाई सुदृढ बनाइनेछ र सहजिकरणका उपायहरू कार्यान्वयन गरिनेछ। यससँगै, समग्रमा निजी क्षेत्रमैत्री वातावरण निर्माण गरी उद्यमशीलता, लगानी, उत्पादन र उत्पादकत्वलाई प्रोत्साहन दिइनेछ।

यस क्रममा निम्न नीतिगत कदमहरू कार्यान्वयन गरिनेछन्ः

- निजी क्षेत्रलाई आर्थिक क्षेत्रको प्रमुख सम्वाहकको रुपमा अघि बढाईनेछ।
- सरकारी सेवामा विद्यमान झन्झटिलो प्रक्रियाको अन्त्य गर्दै एकद्वार प्रणाली (One Window System) लागू गरिनेछ।
- राजनीतिक दलसँग आबद्ध ट्रेड युनियनहरूको खारेजी गरिनेछ।
- उद्योग दर्ता, विद्युत् जडान तथा महसुल, पूर्वाधार विकास, कर प्रणाली लगायतका क्षेत्रमा आमूल सुधार गरिनेछ।
- पुँजी अभावका कारण साना उद्योगहरू बन्द हुने अवस्थाको अन्त्य गर्न विशेष व्यवस्था गरिनेछ।
- निजी क्षेत्रमा फैलिएको बिचौलिया प्रथाको अन्त्य गरिनेछ।
- उद्योग-धन्दामा बन्द तथा हड्ताल जस्ता गतिविधिहरू पूर्ण रूपमा निषेध गरिनेछ।
- रोजगार तथा उत्पादनमूलक रुग्ण तथा बन्द रुग्ण उद्योगहरूलाई पुनः सञ्चालनमा ल्याउन सहुलियत तथा अनुदानको व्यवस्था मिलाइनेछ।

- समग्रमा माथि उल्लेखित विद्युत, पर्यटन, कृषि, सूचना प्रविधि, विदेशमा बस्ने नेपाली र निजी क्षेत्रको विकासबाट नेपालको अर्थतन्त्रमा व्यापक रूपमा सुधार, विकासका साथै रोजगारीको ठूलो अवसर सिर्जना हुनेछ। ५०-६० हजार तलबका लागि हाम्रा युवाले विदेश जानुपर्ने अवस्थाको अन्त्य हुनेछ।

**शासकीय स्वरूप**

- अभिभावकीय संस्थाको रुपमा राजसंस्था।
- वर्तमान खर्चिलो र अस्थिर निर्वाचन प्रणालीमा व्यापक परिवर्तन र सुधार।
- प्रदेशको खारेजी, केन्द्र र वलियो स्थानीय तह भएको दुई तहको शासकीय संरचना।
- सर्वधर्म समभाव पूर्ण धार्मिक स्वतन्त्रता सहितको वैदिक सनातन धर्म सापेक्ष हिन्दु राष्ट्र।
- गैरदलीय स्थानीय तह

**सुशासन : बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौ !**

- उच्चस्तरीय नागरिक आयोग गठन गरी २०४६ पछिका उच्चपदस्थ नेता तथा कर्मचारीहरुको सम्पत्ति छानविन गरी अवैध सम्पत्ति जफत गर्ने कानूनी व्यवस्था मिलाईनेछ।
- भ्रष्टाचार सम्बन्धी सूचना दिनेलाई संरक्षण तथा प्रोत्साहन गर्न सूचक संरक्षण ऐन बनाई लागु गरिनेछ।
- नीतिगत तथा कार्यगत क्षेत्रमा देखिएका भ्रष्ट्राचार तथा अनाचार अन्त्य गर्न सार्वजनिक पद धारण गर्ने पदाधिकारीलाई कानूनी दायरामा ल्याउन स्वार्थको द्वन्द्व (Conflict of interest) सम्बन्धी कानून जारी गरिनेछ।
- अन्तर्राष्ट्रिय आर्थिक मान्यता एवम् देशको परिस्थिति र आवश्यकतालाई दृष्टिगत गर्दै विद्यमान सम्पत्ति शुद्धिकरण ऐनमा सुधार ल्याईनेछ।
- राजनैतिक हस्तक्षेपमुक्त संवैधानिक नियुक्तिको व्यवस्था गरिनेछ।
- न्यायपालिकामा देखिएको विकृति र विसंगति अन्त्य गर्न गुमेको विश्वसनीयता पुनर्स्थापित गर्न र पूर्ण न्यायिक बनाउन न्यायपालिकामा पुनर्संरचना/पुनर्नियुक्तिको व्यवस्था गरिनेछ।

**राष्ट्रिय सुरक्षा :**

- ईतिहासका अत्यन्त कठिन क्षणहरूमा पनि अक्षुण्ण रही आएको हाम्रो स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय अखण्डताको संरक्षण नै हाम्रो मूल ध्येय हुनेछ। राष्ट्रिय सुरक्षाको अन्तिम किल्ला रहेको नेपाली सेनाको परम्परागत गौरवलाई अक्षुण्ण राख्दै आवश्यक सुधार गरिनेछ। साथै, नेपाली सेनाको सीप विकास र दक्षता अभिवृद्धिलाई प्रमुख प्राथमिकता दिइनेछ।
- नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई अझ सबल, प्रभावकारी र उच्च मनोबलयुक्त बनाउँदै राजनीतिक हस्तक्षेपमुक्त संस्थाको रूपमा विकसित गर्न ठोस कदम चालिनेछ।

**परराष्ट्रः सबैको मित्रता स्वीकार्य, हस्तक्षेप अस्वीकार्य / "नेपाल प्रथम, नेपाली प्रथम"**

- संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता र पञ्चशीलको सिद्धान्त, भाइचारा, आपसी सहयोगको आधारमा विश्वसमुदायसंग सम्बन्धको विकास र विस्तार गरिनेछ।
- नेपालको भु-भाग कसैको विरुद्ध प्रयोग हुन दिइने छैन।
- सम्पूर्ण कूटनीतिको केन्द्रमा "नेपाल प्रथम नेपाली प्रथम" हुनेछ।
- सबै प्रकारका असमान सन्धि, सम्झौता खारेज गरिनेछ।
- आर्थिक कुटनीतिलाई जोड दिइनेछ।
- सगरमाथा सम्वादलाई निरन्तरता दिईनेछ। जलवायु परिवर्तनको सम्भावित असर र हिमाली पर्यावरणलाई अन्तराष्ट्रिय सम्वन्धको महत्वपूर्ण अंगको रुपमा लिईनेछ।
- नेपाल शान्ति क्षेत्रको प्रस्तावलाई पुनर्जीवित गरिनेछ।

**समष्टिगत अर्थतन्त्रः समतामूलक सम्वृद्धि**

- रोजगारी र आय-आर्जनका अवसरहरु वृद्धि गरी उपभोग तथा बचत गर्ने क्षमता वृद्धि गरिनेछ।
- पाँच वर्ष भित्र आर्थिक वृद्धि दर ७ (+) प्रतिशत पुर्याईनेछ।
- प्रत्यक्ष वैदेशिक लगानीकर्तालाई लगानीमैत्री वातावरणमा विश्वस्त तुल्याउन लगानी मैत्री कानूनहरुको निर्माण गरिनेछ।
- सार्वजनिक खर्च प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई थप मितव्ययी र पारदर्शी बनाईनेछ।

- करको संरचना र दायरामा सुधार गरी कर प्रणालीलाई थप सरल, वैज्ञानिक र समन्यायिक बनाईनेछ। सबै प्रकारको दोहोरो कर प्रणालीको अन्त्य गरिनेछ। करको दर होइन दायरा बढाइनेछ।
- विश्व व्यापार संगठन, साफ्टा, बिमस्टेक लगायतका बहुपक्षीय व्यापार अभिवृद्धिका लागि आवश्यक कानुनी सुधार गरिनेछ। द्विपक्षीय व्यापार तथा पारवहन सन्धि कार्यन्वयनमा देखिएका समस्या समाधानका लागि सन्धि पुनरावलोकन गरिनेछ।
- नेपाललाई ग्रे-लिस्टवाट मुक्त गर्न वित्तीय पारदर्शिता, मनी लन्डरिङ नियन्त्रण, अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नियामक सुधार तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।
- सहकारी तथा लघुवित्त क्षेत्रमा देखिएको संगठित ठगी, विकृति, विसंगतिहरुको नियन्त्रण र बचतकर्ताहरुको बचतलाई सुरक्षित गरी उत्पादनमुलक र रोजगारी सृजना गर्ने कार्यमा लगाइनेछ। संगठित ठगीबाट पीडित भएका सर्वसाधारणको निक्षेप रकम उठाउने, भराउने र राहत प्रदान गर्ने कार्य गरिनेछ।
- स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुलाई राज्यवाट सुविधा र संरक्षण प्रदान गरिनेछ । स्वदेशी उत्पादनमा कर घटाइने र सुविधा बढाईनेछ।
- राष्ट्रिय हितलाई ध्यानमा राखी आवश्यकता र प्राथमिकताको आधारमा मात्रै अन्तर्राष्ट्रिय विकास सहायता/ऋण लिने निक्यौंल गरिनेछ।
- पूँजी बजारमा साना, स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ताको आकर्षण बढाईनेछ। लगानीकर्ताहरुको लगानी सुरक्षित हुने नीति निर्माण गरिनेछ।
- खानी उत्खननलाई दिगो विकास, पारदर्शिता र राष्ट्रिय हितसँग जोड्दै अघि बढाइनेछ। स्थानीय समुदायलाई रोजगारी, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ, साथै उत्खननबाट प्राप्त राजस्वलाई पारदर्शी कर प्रणालीमार्फत राष्ट्रिय विकासमा प्रयोग गरिनेछ।
- निजी - सार्वजनिक साझेदारीमा आधारित नवप्रवर्तनमुखी, समावेशी आर्थिक नीति अवलम्बन गरिनेछ।
- लगानीमैत्री नेपाल कार्यक्रम अन्तर्गत लगानी प्रवर्द्धन दशक घोषणा गरिनेछ।
- “रेअर अर्थ” जस्ता रणनीतिक वस्तु उत्पादनको सम्भावना खोजि गरिने। (सैन्य प्रविधि, उर्जा प्रविधि, दैनिक जीवनको एमआरआई (MRI) यन्त्र, यलईडी (LED) बल्व लगायत विभिन्न विधामा प्रयोग हुने रासायनिक तत्वहरु)।

- देश भित्रै बहुमुल्य धातुहरुको प्रशोधन कार्यमा निजी क्षेत्रसंग सहकार्य गरिनेछ।

**शिक्षा र स्वास्थ्य: शिक्षा, स्वास्थ्य र न्याय निःशुल्क तथा समान**

**शिक्षा :**

- शिक्षा क्षेत्रमा देखिएको अत्यधिक राजनीतिकरण, दलीय भागवण्डा, अराजकता, र विसंगतिलाई कानूनी रुपमा अन्त्य गरिनेछ।
- मुलुकको सबैभन्दा भन्दा ज्येष्ठ र ठुलो त्रिभुवन विश्वबिद्यालयलाई राष्ट्रिय विश्वविद्यालय बनाइनेछ र उत्कृष्ट केन्द्र (Centre of Excellence) को रुपमा विकास गरिनेछ। अन्य सबै विश्वविद्यालयहरुमा प्रधानमन्त्री कुलपति र शिक्षा मन्त्री सहकुलपति हुने व्यवस्थालाई अन्त्य गरी विश्वविद्यालयहरुमा वर्षौदेखि भै आएको राजनीतिक हस्तक्षेप अन्त्य गर्न संरक्षक समिति (Board of Trustees) को व्यवस्था गरी कुलपति, सह-कुलपति र उपकुलपति चयन गर्ने व्यवस्था गरिनेछ।
- सबै विद्यालय कलेज/क्याम्पस/विश्वविद्यालयहरुमा सबै प्रकारका ट्रेड युनियनहरु खारेज गरिनेछ।
- सबै प्राविधिक विद्यालयहरुलाई स्रोत साधनयुक्त बनाईनेछ। सबैको पहुँचमा प्राविधिक र स्वरोजगार उन्मुख शिक्षा पुर्याईनेछ र उद्यमशीलताको विकास गरिनेछ।
- सरकारी, अन्तर्राष्ट्रिय दातृ निकाय, वित्तीय संस्थाको सहयोगमा प्राविधिक र व्यावसायिक शिक्षा बृहत तालिम कोष (Technical and Vocational Education Fund (TVET Fund)) नामक बृहत कोष खडा गरिनेछ। कोषमा योजना, अर्थ. शिक्षा, उद्योग, श्रम तथा रोजगार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा निजी क्षेत्रहरुसंग सहकार्य गरिनेछ। सो कोषवाट वेरोजगारहरुलाई अल्पकालीन र मध्यमकालीन प्राविधिक तालिमहरु र उद्यमशीलता सम्बन्धी तालिमहरु प्रदान गरिनेछ।
- सबै सरकारी विधालयहरुमा १२ कक्षासम्म पूर्णरूपमा निशुल्क गरिनेछ।
- सबै तहका विद्यालयहरुमा शिक्षक सहितको कम्प्युटर शिक्षा अनिवार्य गरिनेछ।
- काठमाडौंको बुढानीलकण्ठ स्कूललाई सातै प्रदेशमा नमुना विद्यालयको रुपमा विस्तार गरिनेछ।
- सरकारी विद्यालय र निजी विद्यालय बीच गुणस्तरमा देखिएको खाडल/भिन्नतालाई न्यूनीकरण गर्न सरकारी विद्यालयको गुणस्तर वृद्धि गर्ने कार्य गरिनेछ।

- प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी अनिवार्य गरिने तथा सम्बन्धित कार्यक्रमलाई गुणस्तरीय बनाईनेछ ।
- आधारभुत तहसम्म स्थानीय मातृभाषामा शिक्षा दिने व्यवस्था गरिनेछ र विद्यालयहरुमा नैतिक शिक्षा सम्बन्धी पठनपाठनको व्यवस्था गरिनेछ ।
- फरक शारीरिक क्षमता भएका बिद्यार्थीका लागि विशेष प्रोत्साहन र कक्षाको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुलाई अपाङ्गमैत्री बनाइनेछ ।
- संस्कृत लगायत सबै स्थानीय भाषाहरूको संरक्षण, विकास र प्रवर्द्धनका लागि विशेष कार्ययोजना बनाई लागु गरिनेछ ।
- उच्च शिक्षा, विज्ञान र प्रविधिको विकासको लागि छुट्टै मन्त्रालयको स्थापना गरिनेछ ।
- कलेज/क्याम्पसमा पढ्ने बिद्यार्थीहरुलाई “कमाउदै र पढदै” योजना अन्तर्गत आंशिक समय, बिदाको समय वा पूर्णकालीन समय काम गर्ने व्यवस्था गरिनेछ । कलेज/क्याम्पसमा पढ्ने विपन्न र दुर्गम क्षेत्रका बिद्यार्थीहरुलाई “पढ्दै कमाऊदै कार्यक्रम” मा विशेष प्राथमिकता दिइनेछ ।
- गुरुकुल लगायतका धार्मिक विद्यालयहरुको विकास निर्माण, सुधार र संरक्षणका कार्यहरु गरिनेछ ।

**स्वास्थ्य :**

- आधारभूत स्वास्थ्य उपचार सेवा सबै नागरिकलाई निःशुल्क तथा अनिवार्य गरिनेछ । आम नागरिकले आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुनुपर्ने र अस्पतालको मुख देख्नै नपाएर मर्नुपर्ने अवस्थाको अन्त्य गरिनेछ ।
- ज्येष्ठ तथा असक्त नागरिकको घर दैलोमा आधारभूत स्वास्थ्य सेवा पुर्याईनेछ ।
- सबै नागरिकलाई स्वाथ्य बीमाको पहुँच वृद्धि गरी बीमाको दायरामा ल्याईनेछ र सबै बीमितले आफुले चाहेको अस्पतालमा उपचार गर्न पाउने व्यवस्था मिलाईनेछ । बीमितलाई गर्नु पर्ने स्वास्थ्य बीमाको भुक्तानीमा देखिएको समस्यालाई कडाईका साथ नियमन गरी व्यवस्थापन गरिनेछ ।
- औषधीको मूल्य निर्धारण संयन्त्रलाई प्रभावकारी बनाई औषधीको मूल्य सस्तो तथा सुलभ बनाइनेछ ।

- निजी  औषधि उद्योगलाई आवश्यक सहुलियत प्रदान गरी औषधि उत्पादनमा मुलुकलाई क्रमशः आत्मनिर्भर बनाईनेछ।
- सरकारी स्वामित्वमा रहेको नेपाल औषधि उद्योग लिमिटेडलाई  सुदृढ बनाई अत्यावश्यक गुणस्तरीय औषधि उत्पादन गरिनेछ।
- नेपाललाई उच्चस्तरीय स्वास्थ्य सेवा र गुणस्तरीय शिक्षा प्रदान गर्ने क्षेत्रीय केन्द्र (हब) का रूपमा रूपान्तरण गरिनेछ। आधुनिक अस्पताल, अनुसन्धान केन्द्र र उच्चस्तरीय स्वास्थ्य पूर्वाधार विस्तार गरी नागरिकलाई गुणस्तरीय उपचार उपलब्ध गराइनेछ, साथै अन्तर्राष्ट्रिय स्तरका विद्यार्थीलाई आकर्षित गर्ने गरी उत्कृष्ट अन्तर्राष्ट्रिय शैक्षिक संस्थानहरु/अस्पतालहरुको विकास गरिनेछ।
- क्यान्सर, मृगौला तथा मेरुदण्ड रोगवाट पीडित नागरिकलाई दिइने  आर्थिक सहायताको व्यवस्थालाई अझ सुदृढ र प्रभावकारी बनाइनेछ। डायलाईसीस गर्ने निःशुल्क सेवालाई अझ प्रभावकारी र सर्वसुलभ रुपमा उपलब्ध गराईनेछ।
- स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै स्वास्थ्य सेवालाई दिगो र गुणस्तरीय बनाईनेछ।
- आयुर्वेद, प्राकृतिक योग तथा अन्य चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ।
- सबै प्रकारको औषधिको गुणस्तर नियन्त्रणको लागि कडाईका साथ नियमन गरिनेछ।
- काठमाडौंको बीर अस्पताल स्तरको अस्पताल सातै प्रदेशमा निर्माण गरी संचालन गरिनेछ।
- "वडा स्वास्थ्य केन्द्र" मार्फत वडाका प्रत्येक नागरिकको स्वास्थ्य प्रोफाईल तयार गरिनेछ।

**पूर्वाधार निर्माण: दिगो पूर्वाधार निर्माण, समृद्धिको आधार**

- विद्यमान सार्वजनिक खरिद ऐनमा संसोधन गरी विकास निर्माण आयोजनाहरुमा हुने ढिला सुस्ती, लापरवाही र नीतिगत भ्रष्टाचारको अन्त्य गरिनेछ।
- चालु तथा प्रस्तावित आयोजनाहरुको रणनीतिक, लागत प्रभावी र पहुँचका आधारमा पुनरावलोकन गरी ३ वर्ष भित्र सम्पन्न गरिने गरी निर्माणलाई तिब्रता दिइनेछ।
- यातायात सञ्जाललाई आधुनिक र व्यवस्थित बनाइनेछ। मेट्रो, पड वे, आकाशे पुल, अण्डरपास, ओभरपास, रिङरोड विस्तार तथा वैकल्पिक मार्ग निर्माणमार्फत

ट्राफिक जाम अन्त्य गरी आवागमनलाई सहज बनाइनेछ। स्मार्ट ट्राफिक प्रणाली, पार्किङ सुविधा, इलेक्ट्रिक बस र रेलको प्रयोगलाई प्रोत्साहन दिइनेछ। ग्रामीण तथा शहरी क्षेत्रमा समान पहुँच सुनिश्चित गरी सुरक्षित, सहज र समय बचत हुने यातायात सेवा उपलब्ध गराइनेछ।

- पांच वर्ष भित्र सम्पूर्ण उपत्यकालाई मेट्रो रेल/पड वे लगायतका यातायातमार्फत यातायात सञ्जालमा जोडिनेछ।
- राष्ट्रिय रणनीतिक सडक सञ्जाललाई बाह्रै महिना सुचारु गर्न विशेष व्यवस्था गरिनेछ।
- मेचीदेखि महाकालीसम्मको महेन्द्र राजमार्गलाई तीन वर्ष भित्र अन्तर्राष्ट्रिय हाइवेको मापदण्डमा स्तरोन्नति गरिनेछ। साथै अन्य राजमार्गलाई सवारी चापको आधारमा विस्तार गरिनेछ।
- आर्थिक सम्भाव्यताको आधारमा रेलमार्गको निर्माण र सञ्चालनमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गरिनेछ।
- मधेश, कर्णाली तथा सुदूरपश्चिम प्रदेशको विकासका लागि अधिकार सम्पन्न विकास प्राधिकरण गठन गरिनेछ।
- आर्थिक सम्भाव्यताका आधारमा सातै प्रदेशमा स्मार्ट शहर र स्मार्ट गाँउ निर्माण गरिनेछ।
- मौसमजन्य चुनौतीलाई सामना गर्न पूर्वतयारी योजना र आकस्मिक प्रतिक्रिया संयन्त्रलाई सुदृढ गरिनेछ।
- पूर्वाधार निर्माणमा जलवायु परिवर्तनलाई समानुकुलन र अनुकुलन गरी प्राकृतिक वातावरणको संरक्षण र सम्बर्द्धन गरिनेछ।

**खेलकूद**

- खेलकूद र खेलाडीहरुको प्रशिक्षणलाइ उच्च प्राथमिकता दिइनेछ। प्रमुख खेलका लागि अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला निर्माण गरिनेछ।
- झापाको कचनकवल (समुद्री सतहको तह) र जुम्लामा (हिमरेखाको तहमा) खेलाडीहरुलाई प्रशिक्षण दिन खेल मैदान सहितको इनडोर तथा आउटडोर प्रशिक्षण केन्द्रको निर्माण गरिनेछ।
- नेपाललाई साहसिक खेल गन्तव्यको रुपमा विकास गरिनेछ।

- अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीहरुलाई सहज जीवनयापनका लागि राज्यका विभिन्न निकायमा स्थायी रोजगारीको व्यवस्था गरिनेछ।
- सार्वजनिक तथा सामुदायिक विद्यालय तथा विश्वविद्यालयहरुमा खेलकूद शिक्षक को अनिवार्य व्यवस्था गरिनेछ।
- अपाङ्ग मैत्री खेल पूर्वाधार निर्माणलाई प्राथमिकता दिनेछ।

**राप्रपाले "नेपाल बन्द" कहिल्यै गर्ने छैन । "नेपाल बन्द सधैंका लागि बन्द"।**

नेपाल बन्दको संस्कृतिले देशको आर्थिक विकासका साथै सामाजिक जनजीवनमा अत्यन्तै नकारात्मक प्रभाव पारेको छ। यस तथ्यलाई दृष्टिगत गर्दै राप्रपाले नेपाल बन्द जस्तो कार्यक्रम कहिल्यै नगर्ने प्रतिवद्धता व्यक्त गर्दछ। स्वास्थ्य, हवाई, खानेपानी, विद्युत, ग्यास तथा पेट्रोलियम पदार्थ ढुवानी तथा वितरण लगायत विभिन्न औद्योगिक क्षेत्रमा हड्ताल गर्न पूर्णरुपमा प्रतिवन्ध लगाइनेछ।

**समष्टिमा**

- नवयुवा पुस्ताको प्रमुख माग र चाहनालाई प्रभावकारी रुपमा सम्बोधन गरिनेछ।
- वातावरणीय पक्षवाट सम्भाव्य अन्तरजलाधार र जलाशययुक्त बहुउद्देश्यीय ठुला सिंचाई आयोजना निर्माण गरिनेछ।
- नेपालका नदीहरुमा रहेका अपार जलश्रोतलाई बहुउद्देश्यीय योजनाहरु मार्फत टार एवं फाँटहरु सिंचाई गर्ने व्यवस्था गरिनेछ।
- सबै जनतामा आधारभूत खानेपानी सेवा पुर्याइनेछ र यसलाई क्रमशः निःशुल्क गरिनेछ।
- जलाधार क्षेत्रको संरक्षण गरिनेछ।
- परम्परागत पोखरी, ढुंगेधारा र मूलको संरक्षण गर्न कार्यक्रम सञ्चालन गरी भौगोलिक र प्राकृतिक स्वरुपको समेत जगेर्ना गरिनेछ।
- शहरी क्षेत्रको फोहरमैलाको श्रोतमै वर्गीकरण गरी फोहर व्यवस्थापनको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गरिनेछ र पूर्वाधार सहितको ल्याण्डफिल्ड साईटको व्यवस्था गरिनेछ।
- नेपाल स्काउट, युवा तथा खेलकुद, शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशुपन्छी विकास, संघीय मामिला तथा स्थानीय विकासका क्षेत्रहरुमा सहयोग र

सहजीकरण गर्न निश्चित समयको रोजगारी सहित प्रति वर्ष लाखौं राष्ट्रिय स्वयंसेवक परिचालन गरिनेछ।

- जनशक्ति र रोजगारी सम्बन्ध केन्द्रीय तथ्याङ्क प्रणाली स्थापना गरी आर्थिक रुपले सक्रिय जनसङ्ख्याको विवरण अद्यावधिक गरिनेछ।
- यातायात, डेलिभरी सेवा, Freelancer सेवा, सरसफाई, केयर होम आदि क्षेत्रमा हुने सेवालाई व्यवस्थित बनाउन नीतिगत र कानुनी संरचनामार्फत गिग इकोनोमी (स्थायी जागिरभन्दा अस्थायी वा छोटो अवधिका कामहरू) विस्तार गरिनेछ।
- स्वदेशमा नै पूर्ण रोजगारीको वातावरण नबने सम्म सातै प्रदेशमा वैदेशिक रोजगारीमा जानेहरुलाई दक्ष र व्यवसायिक जनशक्तिको रुपमा जान सक्ने बनाउन, आवश्यक तालिम, सीप विकास, सहुलियत ऋण र जीवन बीमाको व्यवस्था गरिनेछ र वैदेशिक रोजगारीलाई सुरक्षित र लाभदायक बनाईनेछ।
- परम्परागत मदिरालाई नियमनसहित वैधानिक हैसियत प्रदान गरी व्यवसाययोग्य बनाउन कानून निर्माण गरिनेछ।
- बन संरक्षण गर्दै विद्यमान बन ऐनमा रहेका झन्झटिलो नीतिहरूलाई परिमार्जन गरिनेछ। बन क्षेत्रमा खेर गइरहेका बनजन्य काठको सहज उपयोग तथा बिक्रीमार्फत विदेशबाटहुने आयातलाई प्रतिस्थापन गरिनेछ। निजी बनको विकासलाई प्रोत्साहन दिन निजी बनको काठको उपयोग र व्यापारलाई सहज बनाइनेछ ।सामुदायिक बनलाई अझ सशक्त बनाइनेछ। बनजन्य उत्पादनको मूल्य अभिवृद्धि तथा उद्योगीकरणलाई प्रोत्साहन दिइनेछ। बन क्षेत्रको दिगो व्यवस्थापनका लागि आधुनिक प्रविधि तथा डिजिटल प्रणालीको प्रयोग गरिनेछ। ग्रामीण क्षेत्रमा बन संरक्षणसँगै रोजगारी सिर्जना गर्ने, आर्थिक समृद्धिमा योगदान पुऱ्याउने बन-आधारित उद्यमलाई प्राथमिकता दिइनेछ।
- वन्यजन्तु मानव द्वन्द्व न्यूनीकरण कार्यलाई उच्च प्राथमिकतामा राखी विशेष कार्ययोजना बनाई लागु गरिनेछ।
- चुरे क्षेत्रको संरक्षणमा विशेष जोड दिइनेछ।
- प्रवासमा रहेका नेपाली नागरिकहरुको मतदानको अधिकारलाई आगामी निर्वाचनमा नै सुनिश्चित गरिनेछ।
- गरीबीको रेखा मुनि रहेका नागरिक तथा परिवारलाई आधारभूत खाद्यान्न पुर्याउन हरेक पालिकामा रासन कार्ड वितरण केन्द्रहरु संचालन गरिनेछ। खाद्य तथा

व्यापार कम्पनी लिमिटेडमार्फत नेपाली उत्पादनको सहुलियत “नेपाल मार्ट’ हरु स्थापना गरिनेछ।

- अपाङ्ग, अशक्त, असहाय, उत्पीडित, सीमान्तकृत समुदाय र टुहुरा बालबालिकालाई आवश्यक शिक्षा, स्वास्थ्य र हेरचाहको व्यवस्थाका लागि स्याहार केन्द्रहरुको स्थापना गरिनेछ। उक्त समुदायका नागरिकहरुबाट उक्त समुदायका लागि स्थापित स्वास्थ्य संस्था, विद्यालय, तालिम केन्द्र लगायत उद्योग व्यवसायमा कर छुटको व्यवस्था गरिनेछ।
- अपाङ्गता भएका नागरिकको सर्वाङ्गिण विकास र हकहितका लागि अधिकार सम्पन्न संबैधानिक विशिष्टीकृत राष्ट्रिय निकाय गठन गरिनेछ।
- सम्पूर्ण बहिरा वालवालिकाहरुको प्रारम्भिक भाषा नेपाली सांकेतिक भाषाको माध्यमबाट सांकेतिक भाषा एवं बहिरा संस्कृति लगायत निःशुल्क विद्यालय शिक्षाको सुनिश्चित गरिनेछ।
- बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, मानसिक स्वास्थ्य र विकासलाई राष्ट्रिय प्राथमिकताको रुपमा राखिनेछ। बालबालिकामा देखिने अटिज्म रोगको सचेतना तथा उपचारात्मक सेवालाई प्रभावकारी बनाइनेछ।
- सम्पूर्ण बहिरा वालवालिकाहरुको प्रारम्भिक भाषा नेपाली सांकेतिक भाषाको माध्यमबाट सांकेतिक भाषा एवं बहिरा संस्कृति लागायत निःशुल्क विद्यालय शिक्षाको सुनिश्चित गरिनेछ।
- महिला हिंसा, दाइजो, दहेज प्रथा तथा बाल विवाह जस्ता विकृतिको अन्त्य गर्ने तथा महिला सशक्तीकरण कार्यक्रमलाई प्राथमिकता दिईनेछ।
- एकल र असहाय जेष्ठ नागरिकका लागि स्याहार-सुसार, हेरचाह र औषधि उपचारको व्यवस्था घर दैलोमा पुर्याइनेछ।
- उत्पीडित समुदायको परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको उपयोगका साथै त्यसलाई आधुनिक व्यवसायमा परिणत गर्न आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराईनेछ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकको लागि रोजगारीको सुनिश्चितता, स्वास्थ्य उपचार, निःशुल्क शिक्षा तथा सामाजिक अन्तरघुलन गरेर समुदायमा स्थापित गर्ने समावेशी नीतिहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- वास्तविक सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान सुनिश्चित गरी विशेष कार्ययोजना बनाई सुकुम्बासी समस्या स्थायी रुपमा समाधान गरिनेछ।

- बढ्दो धर्मान्तरणको वेगलाई निस्तेज पार्न संविधान र कानूनमा भएको व्यवस्थालाई कडाइको साथ कार्यान्वयन गरिनेछ साथै संगठित र योजनावद्ध धर्म परिवर्तनलाई नियन्त्रण र निरुत्साहित गरिनेछ।
- गौशालाहरुको निर्माण र गौ संरक्षणका विशेष कार्यक्रम संचालन गरिनेछ।
- संवैधानिक अङ्गहरूमा र अन्य सबै प्रकारका नियुक्तिहरू योग्यता, क्षमता र पारदर्शिताका आधारमा गरिनेछ।
- ब्रिटिश गोरखा तथा भारतीय गोरखा सैनिकहरुको विद्यमान समस्या समाधानका लागि आवश्यक र विशेष पहल गरिनेछ। आफ्नो अधिकारका लागि आन्दोलन गर्नु पर्ने अवस्थाको अन्त्य हुने गरी दीर्घकालीन समाधानका उपाय खोजिनेछ।
- अन्तर्राष्ट्रिय श्रम संगठनको मापदण्ड अनुसार औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिकका लागि सामाजिक सुरक्षा, स्वास्थ्य तथा जीवन बीमा र मर्यादित रोजगारी सुनिश्चित गर्न पहल गरिनेछ।
- राष्ट्र, राष्ट्रियता, नागरिक बचाउ अभियानले उठाएका सहकारी, लघुवित्त, बैंक लगायत वित्तीय क्षेत्रसम्बन्धी विषयहरूलाई गम्भीरतापूर्वक ग्रहण गर्दै तत्काल छानबिन तथा सुझाव आयोग गठन गरी स्थायी समाधान गरिनेछ।
- जलन उपचार कोष तथा विश्वस्तरीय जलन उपचार अस्पताल स्थापना गरिनेछ।
- जातिय आधारमा छुवाछुत, भेदभाव तथा मन्दिर प्रवेशमा रोक लगाउने जस्ता विभेदकारी कार्यलाई दण्डित गरिनेछ।
- सबै धर्मका बीचमा समानता र सबै धर्मलाई बराबरीको स्वतन्त्रता प्रदान गर्दै नेपालमा प्रचलित सम्पूर्ण धर्म सम्प्रदायको सम्मान संरक्षण र सम्बर्धन गर्ने दृष्टिकोण रहेको छ। धर्मको आधारमा कुनै पनि प्रकारको भेदभावलाई दण्डनीय बनाइनेछ। आआफ्नो धर्म संस्कृति परम्परा र रीतिरिवाज बमोजिम पूजा आराधना र उपासना गर्न पाउने नागरिक अधिकारको सुनिश्चितता र संरक्षण गरिनेछ।

**आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइ !**

वर्तमान संविधान र यस संविधान अन्तर्गतको प्रणालीवाट देशमा विद्यमान समस्याको समाधान छैन भन्ने कुरामा राप्रपा प्रष्ट छ। देशको अवस्था बदल्न वर्तमान संविधानमा संसोधन एकमात्र बिकल्प हो भन्ने कुरा आम मतदातालाई भनी रहनु पर्ने विषय रहेन। राप्रपाले शासकीय स्वरूप, समृद्धिका आधार “पृथ्वी पथ” को मान्यताको आधारमा आर्थिक, सामाजिक, सांस्कृतिक बिकासको पांच वर्षे “वाचा पत्र” सबै सामु राखी सकेको छ। तसर्थ

**बचाउन र बनाउन** संविधान निर्माणमा **बलियो हस्तक्षेप गर्ने शक्तिका** रुपमा स्थापित गर्न **"एक पटक र यसै पटक"** राप्रपालाई आफ्नो अमूल्य मत दिनु हुन हार्दिक आह्वान गर्दछ ।

**राप्रपाको चुनाव चिन्ह "हलो" मा मतदान गर्नु हुन हार्दिक अपील गर्दछौं ।**